नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाण्डौ

## सहकारी संघ/संस्थाहरुको सहकार्यमा कृषिजन्य उद्योगहरुको स्थापनाको लागि अनुदान प्राप्तिको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०६६/११/१८)

आ.व. ०६६/६७ को स्वीकृत कार्यक्रम अनुसार सरकार-सहकारी साझेदारीमा स-साना कृषिजन्य उत्पादन/प्रशोधन उद्योगहरु (चिया, कफि, जडिबुटी, मह, जुनार, अदुवा, दुग्ध, सुपारी, अलैची र अन्य कृषिजन्य) स्थापना तथा सञ्चालन गर्न र अनुदान प्राप्त गर्न चाहने सहकारी संघ/संस्थाहरुले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित संघ/संस्थाको संचालक समितिको निर्णय सहित डिभिजन सहकारी कार्यालय वा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय वा जिल्ला कृषि विकास कार्यालय (सहकारी कार्यालय नभएको जिल्लामा) वा सहकारी विभागमा प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. प्रस्तावित कृषिजन्य उद्योगहरु चिया, कफि, जडिबुटी, मह, जुनार, अदुवा, दुग्ध, सुपारी, अलैची र अन्य कृषि उत्पादन र प्रशोधन सम्बन्धी हुनु पर्ने ।

२. अदुवा, जडिबुटी र मह प्रशोधन उद्योगहरुको स्थापनको लागि मेशिनरी औजारमा लाग्ने रकमको ५०% र अन्य उद्योगहरुमा २५% रकम नेपाल सरकारका तर्फबाट अनुदान दिईने छ । तर अनुदान रकमको सिमा रु ५ (पाँच) लाख भन्दा बढी हुने छैन ।

३. उद्योग स्थापनाको लागि लाग्ने मेशिनरी औजारको मूल्य सम्बन्धि कोटेशन सम्बन्धित सहकारी संघ/संस्थाले उद्योग स्थापनाको लागि अनुदान वितरण सम्बन्धी कार्यविधिको अनुसुची "ख" बमोजिमको निवेदन साथ पेश गर्नु पर्नेछ । उक्त कार्यविधि जिल्ला स्थित उक्त कार्यालयहरुमा पठाई सकिएको छ । विभागको website www. deoc.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिनेछ ।

४. मेशिनरी औजारमा दिईने सरकारी अनुदान बाहेक अन्य उद्योग स्थापना र संचालन गर्न लाग्ने खर्च सम्बधित संस्थाले व्यहोर्नु पर्नेछ । निवेदन साथ रकम व्यहोर्ने श्रोतको आधार तथा बैङ्क मौज्दात समेत खुलाउनु पर्नेछ ।

५. निवेदन साथ सहकारी संघ/संस्थाद्वारा प्रस्तावित उद्योगको सभाव्यता अध्ययनको प्रतिवेदन, संस्था दर्ताको प्रमाणपत्र , शेयर सदस्य संख्या, वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि र उद्योग संचालनको कार्ययोजना समावेश गर्नु पर्नेछ । अनुदान प्राप्त गर्न प्रारम्भिक संस्थाको हकमा संस्था दर्ता भएको १ वर्ष पुरा भएको हुनुपर्नेछ ।

६. प्रस्ताव छनौट गर्दा स्वदेशी मेशिन उपकरण, कच्चा पदार्थ र प्रविधिको प्रयोग, मुनाफादार, बजार संभावना, सरकारी प्राथमिकताको उद्योग, कार्ययोजनाको प्रभावकारीता, पूँजीगत लगानी, पूर्वाधार स्थिति, आर्थिक पक्ष, जनसहभागिता स्तर, सेवादिने क्षेत्र र सेवाग्राही रोजगारी जस्ता आधार लिईनेछ।

७. प्रस्ताव छनौट भएको जानकारी सम्बन्धित संस्थालाई दिईनेछ । अनुदान सहयोगको लागि संस्थाको छनौट भएपछि दुवै पक्ष बीच अनुदान सहमति पत्रमा हस्ताक्षार हुनेछ तर छनौट भएका संघ/संस्थाले मेशिनरी संयन्त्र खरीद गरी सक्कल बील बीजक (Invoice) पेश गर्नुको साथै कार्यविधि अनुसार मेशिनरी सामान आयात/खरीद भएको प्रमाण पेश गरेपछि मात्र भुक्तानी दिईनेछ ।

८. यस सम्बन्धि विस्तृत जानकारी चाहिएमा उच्च मूल्यका कृषि उपज प्रशोधन उद्योग स्थापनाको लागि अनुदान वितरण सम्बन्धि कार्यविधी, २०६६ हेर्नुहोला । उक्त कार्यविधि विभागको website मा उपलब्ध छ । अन्य थप जानकारी चाहिएमा सहकारी विभाग र डिभिजन सहकारी कार्यालयहरुमा सम्पर्क राख्नुहोला ।

९. प्रस्ताव छनौट गर्ने नगर्ने अधिकार निर्देशन समिति र यस विभागमा सुरक्षित रहनेछ ।

# उच्च मुल्यका कृषि उपज प्रशोधन उद्योग स्थापनाको लागि अनुदान वितरण सम्बन्धी कार्यविधि, २०६६

नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
सिंहदरबार
२०६६

**१. नाम र उद्देश्य :** नेपाल सरकारबाट आर्थिक वर्ष २०६६ ६७ को बजेट वक्तव्यमा उल्लेख भए अनुरुप उच्च मूल्य र अन्तरराष्ट्रिय बजारमा तुलनात्मक लाभ भएका **चिया, कफि, जडिबुटी, मह, जुनार, अदुवा र दुग्ध** प्रशोधन गर्ने सहकारी संघ संस्था साथै अर्थ मन्त्रालयको च.न. ३६४ मिति २०६६।१०।१५ को पत्रानुसार अलैंची प्रशोधन गर्ने सहकारी संघ संस्था समेत र अर्थ मन्त्रालयको च.नं २१३ मिति २०६६।८।९ को पत्रानुसार सोही उपजमा आधारीत उद्योग स्थापना गर्ने निजी उद्योगी तथा संघ संस्थालाई नेपाल सरकारबाट समय समयमा निर्णय भए बमोजिम अनुदान उपलब्ध गराउन कार्यविधिको आवश्यकता महशुस गरी नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयबाट **उच्च मुल्यका कृषि उपज प्रशोधन उद्योग स्थापनाको लागि अनुदान वितरण सम्बन्धी कार्यविधि, २०६६** स्वीकृत गरी लागू गरिएको छ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) **"प्रशोधन उद्योग"** भन्नाले प्रारम्भिक कृषि उपजलाई कच्चा पदार्थको रुपमा प्रयोग गरी प्रशोधन वा मूल्य अभिवृद्धि द्वारा उपभोग्य वस्तु उत्पादन गर्ने उद्योग सम्झनु पर्दछ ।

(ख). **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन २०४८ अन्तरगत दर्ता तथा संचालन भएका सहकारी संघ संस्थालाई सम्झनु पर्दछ ।

(ग) **"निर्देशन समिति"** भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(घ) **"मेसिन उपकरण"**भन्नाले प्रशोधन उद्योगमा प्रयोग हुने मेशिन, औजार, यन्त्र, उपकरणको साथै स्थानिय स्तरमा पाटपुर्जा जडान गरी तयार गरिएको एसेम्ब्लेड मेशिन उपकरण समेत लाई जनाउँदछ ।

(ङ) **"उद्योग स्थापना"** भन्नाले नया उद्योग स्थापना गर्ने वा पुरानो उद्योगको क्षमता विस्तार गर्ने कार्यलाई समेत बुझ्नु पर्दछ ।

(च) **"उद्योगी"** भन्नाले प्रचलित कानून अनुसार उद्योग दर्ता गरी यस कार्यविधि अनुरुप प्रस्ताव पेश गर्ने सहकारी संस्था वा अन्य निजी उद्योगी बुझिन्छ ।

**३. उद्योग स्थापना र संचालनको लागि अनुदान वितरण गर्ने आधार :**

(१) उद्योगीले यस कार्यविधि अनुरुप अनुदान पाउनका लागि प्रचलित ऐन नियम बमोजिम उद्योग दर्ता गरेको हुनुपर्नेछ ।

(२) सहकारी संस्थाको हकमा वार्षिक साधारणसभाबाट निर्णय गरी वा वार्षिक साधारण सभाबाट अनुमोदन गराउने गरी कार्य समितिको बैठकले उद्योग संचालन गर्ने निर्णय गरेको हुनु पर्नेछ र साझेदारहरु संलग्न उद्योगीको हकमा, उद्योगीहरुले उद्योग सञ्चालन गर्ने निर्णय गरेको हुनुपर्नेछ ।

(३) उद्योगीले प्रस्तावित उद्योग स्थापना र सञ्चालन गर्ने भन्ने सम्बन्धमा कार्ययोजना तर्जुमा गरेको हुनुपर्नेछ ।

(४) उद्योगीले आफूले संचालन गर्न चाहेको उद्योगको सम्बन्धित विषयमा दर्ता भएका संस्था वा विज्ञहरुद्धारा प्राविधिक, वित्तिय र बजार सम्बन्धी सम्भाव्यता अध्ययन गरेको हुनुपर्नेछ । मझौला र ठूला उद्योगको हकमा आर्थिक विश्लेषण पनि गरिएको हुनु पर्नेछ ।

(५) प्रस्तावित उद्योग संचालनको लागि आवश्यक पूर्वाधार जस्तै : सडक, विद्युत, पानी, भवनको व्यवस्था भएको हुनुपर्नेछ ।

(६) कारखानाले प्रयोग गर्ने कच्चा पदार्थको कम्तिमा ६० प्रतिशत नेपाली कच्चा पदार्थ हुनुपर्नेछ ।

(७) प्रस्तावित उद्योगले अदक्ष श्रमिकको हकमा शत प्रतिशत स्वदेशी श्रमिक प्रयोग गर्नु पर्नेछ ।

(८) उद्योगीले माग गरेको अनुदान रकम बराबर वा सो भन्दा बढि रकम उक्त उद्योगसंग जग्गा र बैंक मौज्दात गरी पुँजीगत लगानीको स्रोतको रुपमा रहेको हुनुपर्नेछ ।

(९) सरकारको तर्फबाट उद्योगमा प्रयोग हुने मेशिनरी उपकरणको कुल लागत को समय समयमा नेपाल सरकारबाट निर्णय भए अनुसारको रकम मात्र अनुदान उपलब्ध हुन सक्ने भएको हुदा अन्य सम्पूर्ण चालु तथा पूंजिगत खर्च उद्योगी आफैले व्यहोर्नु पर्नेछ ।

(१०) एक वा एक भन्दा वढी सहकारी संघ संस्थाहरु मिलेर उद्योग संचालन गर्न सक्नेछन । एक भन्दा बढी सहकारी संघ संस्थाहरु मिलेर उद्योग सञ्चालन गर्ने भएमा सम्बन्धित संघ संस्थाको संचालक समितिको निर्णय र उनीहरु बीचको करारनामा पेश भएको हुनु पर्नेछ ।

(११) एक उद्योगीले एक भन्दा वढि प्रस्ताव पेश गर्न पाइने छैन । यसप्रकार एक उद्योगीले एक भन्दा वढि प्रस्ताव पेश गरेको पाईएमा वढि अनुदान माग गरिएको प्रस्तावलाई स्वतः रद्द गरिनेछ ।

## ४. अनुदान वितरणको लागि उद्योग छनौट गर्ने विधि :

(१) यस कार्यविधि अनुरुप उद्योग स्थापना गर्नका लागि मेशिन उपकरणमा अनुदान रकम प्राप्त गर्न इच्छुक एवं योग्य उद्योगीहरुबाट दरखास्त आह्वान गरी कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभागबाट राष्ट्रिय पत्रिकामा घटिमा ३५ दिनको सार्वजनिक सूचना प्रकाशित गरिने

(२) सहकारी विभागबाट दफा ४ (१) अनुरुप प्रकाशित सूचनामा उद्योग छनौटका आधार बारे उल्लेख गरिनेछ ।

(३) यस कार्यविधि अनुरुप अनुदान रकम प्राप्त गर्ने सम्भाव्य उद्योगीहरुले आफ्नो निवेदन अनुसुची (ख) अनुसार सोझै सहकारी विभाग वा सम्बन्धित जिल्ला स्थित डिभिजन सहकारी कार्यालय भएको जिल्लामा सोही कार्यालय र सो कार्यालय नभएको जिल्लामा जिल्ला कृषि विकास कार्यालयमा पेश गर्न सकिनेछ । त्यसरी पेश भएका प्रस्तावहरु तोकिएको म्याद भित्र सहकारी विभागमा दाखिला हुनु पर्ने छ ।

(४) प्रस्ताव स्वीकृत भए पछि सम्बन्धित उद्योगीलाई यथाशिघ्र पत्राचार वा सार्वजनिक सूचना मार्फत अनुदान सम्झौताको लागि सहकारी विभागमा सम्पर्क गर्न जानकारी गराइनेछ ।

(५) एक आ.व. भन्दा वढि सञ्चालित सहकारी संस्था बाट पेश भएका प्रस्ताव विशेष प्राथमिकता दिईनेछ ।

(६) सहकारी संस्था अन्तर्गत प्रस्तावित उद्योग र पुजीगत लगानी रु ६ लाख भन्दा कम हुने उद्योगलाई प्राथमिकता दिईनेछ ।

(७) साना किसानबाट पेश भएको प्रस्तावित उद्योगलाई प्राथमिकता दिईनेछ ।

## ५. अनुदानमा उद्योगीले पालना गर्नुपर्ने शर्तहरु :

यस कार्यविधि अनुसार अनुदान रकम लिनु अघि सम्बन्धित उद्योगका तर्फबाट प्रोपाइटर वा अध्यक्षले निम्न वमोजिमका शर्तहरु पालना गर्ने सम्झौताका आधारमा मात्र अनुदान रकम प्रवाह गरिनेछ ।

(१) यस कार्यविधि अनुरुप अनुदान लिई सञ्चालित उद्योग कम्तिमा १० वर्ष बिक्री गर्न पाईने छैन र त्यसपछि बिक्री गर्नु परेमा सहकारी विभागको पुर्व स्वीकृती लिएर मात्र बिक्री गर्न सकिनेछ ।

(२) निर्धारित उद्योगमा अनुदान रकम प्रवाह भैसकेपछि सोही उद्योग सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(३) उद्योगीले कच्चा पदार्थ कम्तिमा ६० प्रतिशत स्वदेशी प्रयोग गर्नु पर्ने छ ।

(४) यस कार्यविधि अनुरुप अनुदान लिई सञ्चालन हुने उद्योगमा अदक्ष श्रमिकको हकमा सम्पूर्ण स्वदेशी जनशक्तिको प्रयोग गर्नु पर्नेछ र दक्ष जनशक्तिको हकमा स्वदेशमा उपलब्ध हुन नसकेमा मात्र बिदेशी जनशक्ति प्रयोग गर्न पाईनेछ ।

(५) कुनै उद्योगीले यस कार्यविधि अनुरुप अनुदान रकम प्राप्त गरिसकेपछी तोकिएको समय अघिनै उद्योग बिक्री गरेमा वा बिना कारण सञ्चालन नगरेमा सहकारी विभागले उक्त अनुदान रकम असुलउपर गरी प्रकिया अनुरुप अर्को सम्भाव्य उद्योगलाई उपलब्ध गराउन सक्नेछ ।

६. उद्योगको लागि अनुदान स्वीकृत गर्न निर्देशन समितिको व्यवस्था :

यस कार्यविधि अनुसार अनुदान माग गरी पेश भएका प्रस्तावहरु मध्ये प्रस्ताव मुल्याङ्कन उप समितिबाट पेश हुन आएका उपयुक्त प्रस्ताव स्वीकृत गर्न, सो सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्न र सो सम्बन्धमा आवश्यक निर्देशन दिन निम्न पदाधिकारीहरु रहेको एक निर्देशन समिति रहनेछ :

| | |
|---|---|
| (क) सचिव, कृषि तथा सहकारी मन्त्रालय - | अध्यक्ष |
| (ख) सहसचिव, योजना महाशाखा (कृषि तथा सहकारी मन्त्रालय) - | सदस्य |
| (ग) सह सचिव, अनुगमन तथा मूल्याङ्कन महाशाखा, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (घ) रजिष्ट्रार, सहकारी विभाग | सदस्य |
| (ङ) सहसचिव, (कृषि हेर्ने) राष्ट्रिय योजना आयोगको सचिवालय - | सदस्य |
| (च) सहसचिव, कृ.व्य.प्र.तथा त.महाशाखा, (कृषि तथा सहकारी मन्त्रालय) - | सदस्य सचिव |

७. अनुदान माग सम्वन्धी प्रस्ताव मूल्यांकन उपसमिति :

(१) यस कार्यविधि बमोजिम प्राप्त प्रस्तावहरु मुल्याङ्कन गरी अनुदान वितरण गर्न उद्योग छनौट गर्ने कार्यमा निर्देशन समितिलाई सघाउ पुऱ्याउन देहाय बमोजिमको एक मूल्याङ्कन उपसमिति रहनेछ:

| | |
|---|---|
| (क) रजिष्ट्रार, सहकारी बिभाग - | संयोजक |
| (ख) बिभाग/संस्थान/बोर्ड/समितिबाट सम्बन्धित बिषय बिशेषज्ञ | सदस्य |
| (ग) लेखा प्रमुख, सहकारी बिभाग | सदस्य |
| (घ) प्रमुख, खाद्य प्राविधिक विकास तथा तालिम महाशाखा, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| (ङ) योजना प्रमुख, योजना शाखा, सहकारी बिभाग | सदस्य सचिव |

(२) उपसमितिले यस कार्यविधिको अनुसूची (क) बमोजिमको फर्मेटका आधारमा प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि निर्देशन समितिमा पेश गर्नेछ ।

(३) प्रस्ताव मुल्याङ्कनको क्रममा उपसमितिले आवश्यकता अनुसार उद्योगको स्थलगत अनुगमन गर्न सक्नेछ ।

(४) उपसमितिले आवश्यकता अनुसार अन्य प्राविधिक कर्मचारीको सहयोग लिन सक्नेछ ।

८. अनुदान रकम प्रवाह विधि :

(१) निर्देशन समितिबाट अनुदानका लागि स्वीकृत भएका उद्योगलाई स्वीकृत अनुदान रकम सहकारी विभागमार्फत वितरण गरी अद्यावधिक रेकर्ड राख्ने व्यवस्था गरिनेछ ।

(२) अनुदानका लागि स्वीकृत भएका उद्योगीले स्वदेशमै निर्मित मेशिन उपकरण खरिद गर्ने भएमा मेशिन उपकरण खरिद गरी त्यसको विल भरपाई सहित सम्बन्धित डिभिजन सहकारी कार्यालय वा जिल्ला कृषि विकास कार्यालय वा क्षेत्रिय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको निरिक्षण भ्रमणबाट उक्त मेशिन उपकरण सम्बन्धित स्थलमा पुगिसकेको भन्ने प्रतिवेदन प्राप्त भएपछि सो का आधारमा आर्थिक ऐन नियम अनुसार निर्धारित रकमको बढिमा ५० प्रतिशत रकम पहिलो किस्ता उपलब्ध गराइने छ ।

(३) दफा ८ (२) अनुसार मेशिन उपकरण खरिद गर्ने उद्योगीले मेशीन उपकरण जडान गरी उद्योग सञ्चालन हुन थाले पछि बाँकी ५० प्रतिशत रकम अन्तिम किस्ताको रुपमा निकासाको व्यवस्था गरिनेछ र यस्तो भुक्तानी डिभिजन सहकारी वा जिल्ला कृषि विकास कार्यालय वा कृषि ईन्जिनियरिङ निर्देशनालय वा क्षेत्रिय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको भ्रमण प्रतिवेदनका आधारमा दिईनेछ ।

(४) प्रतितपत्र (Letter of Credit) माफत मेशिनरी तथा उपकरण खरिद गरीने अवस्थामा उद्योगीले मेशिन उपकरण खरिद गरी आयात गर्न प्रतितपत्र खोल्नको लागि स्वीकृत रकमको बढिमा २५ प्रतिशत रकम सोझै बैंकलाई भूक्तानी उपलब्ध गराईनेछ । बाँकी ५० प्रतिशत रकमको भूक्तानी मेशिन उपकरण कारखाना स्थलमा पुगेको बारे जिल्ला कृषि विकास कार्यालयका वा क्षेत्रिय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय प्रमुखबाट प्रमाणित भएपछि र बाँकी २५ प्रतिशत रकमको भूक्तानी गर्नको लागि मेशिन उपकरण जडान भई सन्तोषजनक सञ्चालन भएको बारे कृषि विभाग कृषि ईन्जिनियरिङ निर्देशनालय वा क्षेत्रिय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय प्रमुखबाट मेशीनरी उपकरणले सन्तोषजनक काम गरेको भन्ने निरिक्षण गराई सिफारिश पत्र संलग्न गर्नु पर्नेछ ।

(५) मेशिनरी तथा उपकरण लागत विदेशबाट आयात गर्नु परेको अवस्थामा भन्सारले कायम गरेको मूल्यलाई लागत मूल्य मानिनेछ ।

**९. अनुगमन तथा निरीक्षण :**

(१) यस कार्यविधि अनुरुप उपलब्ध गराईएको अनुदानको उपयोग र उद्योग सञ्चालनको अवस्थाबारे समय समयमा अनुगमन तथा निरीक्षण गर्ने दायित्व सहकारी बिभागको हुनेछ । यस कार्यमा कृषि विभाग/पशु सेवा विभाग र सो अन्तर्गतका बिभागहरुको सहयोग लिन सकिनेछ ।

(२) सहकारी विभागले उद्योग स्थापना तथा अनुदान रकम सम्बन्धी विवरण सम्बन्धित विभाग/बोर्ड/समिति/कार्यक्रम निर्देशनालयलाई अभिलम्ब उपलब्ध गराउनु पर्नेछ ।

(३) विभाग/बोर्ड/समिति/कार्यक्रम निर्देशनालयले आफ्नो निकायसग सम्बन्धित उद्योगको अवस्था तथा अनुदान सम्बन्धी रेकर्ड अद्यावधिक गर्ने र समय समयमा अनुगमन तथा निरीक्षण गरी सो को प्रतिवेदन कार्यक्रम निर्देशनालयले सम्बन्धित विभागीय प्रमुख तथा सहकारी बिभागमा र बोर्ड /समितिले सहकारी विभागमा दिनुपर्नेछ ।

(३) यस कार्यबिधि अनुरुप अनुदान लिई सञ्चालित उद्योगले कार्यविधिमा निर्धारित शर्त पालना गरे नगरेको पनि अनुगमन निरीक्षण मूल्याङ्कन सहकारी विभागले नियमित रुपमा गर्नेछ ।

(४) अनुदान प्राप्त उद्योगले यस कार्यविधिमा निर्धारित कुनै शर्त, पालना नगरेको पाईएमा सहकारी बिभागका रजिष्ट्रारले पालना गराउनु पर्नेछ ।

**१०. कार्यविधिमा अस्पष्टता आएमा :** यस कार्यविधिको कुनै बुंदा कार्यन्वयनमा अस्पष्टता आएमा कृषि तथा सहकारी मन्त्रालयको निर्णयनै अन्तिम निर्णय हुनेछ ।

**११. संसोधन तथा खारेज :** यस कार्यविधि वा यसभित्रका कुनै बुंदा कृषि तथा सहकारी मन्त्रालयले आवश्यकतानुसार संशोधन तथा खारेजी गर्न सक्नेछ ।



नि. सचिव

अनुसुची (ख)

## अनुदान माग गर्ने उद्योग वा सहकारी संस्थाले दिनुपर्ने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रार ज्यू

सहकारी विभाग

मैले/हामीले ............................................ जिल्लाको ............................................ मा ............................ उपजमा आधारित ......................... नामको प्रशोधन उद्योग स्थापना गर्ने लक्ष्य राखी कार्ययोजना तयार गरेको र उक्त उद्योग स्थापना एवं सञ्चालन गर्ने क्षमता यस संस्था/उद्योगसंग रहेको हुँदा निम्न बमोजिमको विवरण र सो सम्बन्धी कागजको प्रतिलिपि संलग्न राखी अनुदान रकम रु............................ उपलब्ध गराईदिन अनुरोध गर्दछु /गर्दछौ । यस उद्योगका तर्फबाट अनुदानका लागि निर्धारित शर्त पालना गर्न तत्पर रहेको व्यहोरा पनि अनुरोध गर्दछु /गर्दछौ ।

भवदीय,

अध्यक्ष/कार्यकारी प्रमुखको सही ......................................

अध्यक्ष/कार्यकारी प्रमुखको नाम ......................................

उद्योग/संस्थाको नाम ......................................

ठेगाना ......................................

संस्था/उद्योगको छाप ......................................

मिति ......................................

**संलग्न विवरण :**

१. प्राविधिक, वित्तीय र बजारसम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन (दर्ता भएको सम्बन्धित विशेषज्ञ संस्था वा समूहबाट गरिएको)

२. सहकारी संस्था र उद्योग दर्ता पत्रको प्रतिलिपि

३. साधारण सभा वा का.स.वा उद्योगीहरुले उद्योग स्थापना गर्ने भन्ने निर्णय प्रतिलिपि

४. यस आ.व.को कार्ययोजना पत्र

५. बैंक मौज्दात रकमको प्रमाण

६. उद्योग वा संस्थाको स्वामीत्वको जग्गाको लालपुर्जा प्रतिलिपि, भाडामा लिने जग्गाको कागजात/प्रतिलिपि र स्वामित्वमा रहेको जग्गाको स्थानिय निकायबाट गरिएको मूल्याङ्कन पत्र

७. उद्योग वा संस्थाको शेयर सदस्यको नामावली र ठेगाना विवरण

८. बिक्री भैसकेको शेयर रकम खुल्ने प्रमाण

९. पुरानो सहकारी संस्था भए गत आ.व.को लेखापरीक्षण प्रतिवेदन प्रतिलिपि

१०. प्रस्तावित उद्योगको भवन/टहरा निमार्ण भैसकेको वा निमार्णाधिन भन्ने स्थानिय निकायबाट प्रमाणित पत्र

११. प्रस्तावित उद्योगको स्थलसम्म सडक यातायात वर्षभरी पुग्ने वा हिउँदमा मात्र पुग्ने भन्नेस्थानिय निकायबाट प्रमाणित पत्र

**नोट :** प्रतिलिपिको हकमा रितपूर्वक प्रमाणित गरिएको हुनुपर्नेछ ।